
# संसदमा दक्षिण अष्ट्रेलियाका आदिवासीको आवाजको लागि निर्वाचन (South Australian First Nations Voice to Parliament )

संसदमा दक्षिण अष्ट्रेलियाका आदिवासीको आवाज आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूका लागि एक निर्वाचित सल्लाहकार निकाय हो। यो संघीय राष्ट्रिय आवाज जनमत संग्रह भन्दा फरक छ। यसमा SA मतदाता सूचीमा रहेका आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डरहरूले मात्र मतदान गर्न सक्छन्, तर यो अनिवार्य छैन।

यो चुनाव राज्य चुनावसँगै हँदै छ। योग्य मतदाताहरूले कुनै पनि मतदान केन्द्रमा, हुलाक वा टेलिफोन सहायता प्राप्त मतदानद्वारा मतदान गर्न सक्छन्। थप जानकारीको लागि वेबसाइटमा जानुहोस्: **savoiceelection.sa.gov.au**।




**SA First Nations Voice को मतपत्र कसरी पूरा गर्ने भन्ने बारेमा भिडियोको लागि स्क्यान गर्नुहोस्।**

### मतदान केन्द्रमा

भ्वाइस इलेक्सन (Voice Election) पोस्टरहरू खोज्नुहोस्। निर्वाचन कर्मचारीहरूले तपाईंलाई छुट्टै भोट जारी गर्ने टेबलमा पठाउने छन्।

### तपाईंको घोषणा खाम पूरा भर्नुहोस्

तपाईं आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर हुनुहुन्छ भनेर पुष्टि गर्न तपाईंले घोषणा खाम पूरा गर्नुपर्छ। त्यसपछि, तपाईंले आफ्नो क्षेत्रका सबै उम्मेदवारहरू देखाउने एउटा मतपत्र प्राप्त गर्नुहुने छ।

### मतदान गर्न:

**1** तपाईंको पहिलो रोजाइको उम्मेदवारको नाम र फोटोको छेउमा रहेको बाकसमा अङ्क 1 लेख्नुहोस्।

**2** यदि तपाईं थप उम्मेदवारहरू छनौट गर्न चाहनुहुन्छ भने, अन्य बाकसहरूमा क्रमशः 2, 3, 4... लेख्दै जानुहोस्।

तपाईंले कति जना उम्मेदवारहरू छान्नुहुन्छ भन्ने कुरा तपाईंमा निर्भर गर्दछ, तपाईंले प्रत्येक बाकसमा अङ्क लेख्नु पर्दैन।

### सकियो, अब म के गर्ने?

तीनवटै मतपत्रहरू, हरियो, सेतो र सेतो किनारा भएका कागजातहरू मतदान टेबलमा रहेका निर्वाचन अधिकारीकहाँ लैजानुहोस्।

### अन्य भाषाहरूमा आधिकारिक निर्देशिका

निर्वाचन आयोग SA को वेबसाइटमा 21 विभिन्न भाषाहरूमा अनुवादित यो आधिकारिक निर्देशिका उपलब्ध छ। अन्य भाषामा थप जानकारीको लागि, नि: शुल्क अनुवाद र दोभाषे सेवा (TIS) प्रयोग **गर्नुहोस्: 13 14 50** मा फोन गर्नुहोस् र तपाईंलाई 1300 655 232 मा निर्वाचन आयोग SA सँग सम्पर्क गर्न भन्नुहोस्।


Electoral Commission SOUTH AUSTRALIA

**जानकारी र सहायता**

Website: ecsa.sa.gov.au | savoiceelection.sa.gov.au
टेलिफोन: 1300 655 232
टेलिफोन सहायता प्राप्त मतदान: 1300 951 579
इमेल: ecsacomments@sa.gov.au
प्रतिक्रिया र गुनासाहरू: ecsa.sa.gov.au/feedback-and-complaints



एम शेरी (M Sherry,), निर्वाचन आयुक्त, दक्षिण अष्ट्रेलिया, एडिलेडद्वारा अधिकारप्राप्त



Electoral Commission SOUTH AUSTRALIA

Voting. It's a good thing.


# आधिकारिक निर्देशिका

## २०२६ को राज्य निर्वाचनमा

यसमा **२१ मार्च २०२६** मा हुने दक्षिण अष्ट्रेलियाको पहिलो राष्ट्रको संसदको निर्वाचनको बारेमा पनि विवरण समावेश छ।

### निर्वाचन आयुक्तको सन्देश

**दक्षिण अष्ट्रेलियन राज्य निर्वाचन तपाईंको भनाइ राख्ने र हाम्रो राज्यको भविष्यलाई आकार दिन मद्दत गर्ने तपाईंको अवसर हो। हरेक भोटले महत्व राख्छ र भोट वास्तवमै राम्रो कुरा हो।**

दक्षिण अष्ट्रेलियाका सबैले भाग लिने मौका पाऊन् भन्ने हेतुले मतदानलाई सजिलो र अधिक पहुँचयोग्य बनाउन केही परिवर्तनहरू गरिएका छन्। यहाँ केही मुख्य बुँदाहरू छन्:

- **अग्रिम मतदान 14 मार्च 2026 देखि सुरु हुन्छ** — तपाईंलाई अग्रिम मतदान गर्न अब कुनै कारण चाहिँदैन।
- **पहिलेभन्दा धेरै अग्रिम मतदान केन्द्रहरू उपलब्ध छन्।**
- **हुलाकबाट मतदान गर्न सजिलो छ: ecsa.sa.gov.au मा अनलाइन आवेदन गर्नुहोस्।**
- दृष्टिविहीन, कम दृष्टि भएका, वा मोटर कमजोरी भएका व्यक्तिहरूका लागि **टेलिफोन सहायता सहितको मतदान** उपलब्ध छ।

संसदमा दक्षिण अष्ट्रेलियाका आदिवासीको आवाजको लागि निर्वाचन पनि सोही दिन हुनेछ; यो दक्षिण अष्ट्रेलिया मतदाता सूचीमा योग्य आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डरहरूका लागि ऐच्छिक हो।

चुनावको समयमा, मतदानले कसरी काम गर्छ भन्ने बारेमा झूटा वा भ्रामक दावीहरू तपाईंले देख्न सक्नुहुन्छ। याद गर्नुहोस्, ECSA तपाईंको विश्वसनीय र आधिकारिक स्रोत हो। सही जानकारीको लागि, सधैं ECSA वेबसाइट — **ecsa.sa.gov.au** हेर्नुहोस्।

र अन्तमा, याद गर्नुहोस् कि **राज्यको चुनावमा मतदान अनिवार्य छ।**

**मिक शेरी (Mick Sherry)**
निर्वाचन आयुक्त

### मतदान केन्द्रमा के हुन्छ?

मतदान केन्द्रहरू स्कूल र सामुदायिक केन्द्र जस्ता सार्वजनिक स्थानहरूमा अवस्थित हुन्छन्। ECSA वेबसाइटमा वा तपाईंको EasyVote कार्डको पछाडि आफ्नो नजिकको मतदान केन्द्र फेला पार्नुहोस्। संकेत चिन्हहरूले तपाईंलाई मार्गदर्शन गर्नेछन्।

**अन्तरक्रियात्मक नक्सामा आफ्नो नजिकको मतदान केन्द्र हेर्न स्क्यान गर्नुहोस्।**

**उपयोगी सुझाव:** अपराह्नको भोजन समय (लञ्च) पछि लामहरू प्रायः छोटा हुन्छन्।

निर्वाचन कर्मचारीहरूले तपाईंको नाम र ठेगाना जाँच गर्नेछन्, त्यसपछि तपाईंलाई तपाईंका मतपत्रहरू दिनेछन्। यदि तपाईं आफ्नो निर्वाचन क्षेत्रबाहिर हुनुहुन्छ, एक मौन मतदाता हुनुहुन्छ, वा SA First Nations Voice to Parliament चुनावमा मतदान गर्दै हुनुहुन्छ भने तपाईंलाई छुट्टै भोट जारी गर्ने टेबलमा जान निर्देशित गरिने छ।

#### आफ्ना मतपत्रहरू प्राप्त गर्नुहोस्।

**हरियो मतपत्र:** संसद सभाको (हाउस अफ एसेम्बली) लागि आफ्नो उम्मेदवार छान्नुहोस्।

**सेतो मतपत्र:** विधान परिषदका लागि आफ्ना उम्मेदवार वा समूहहरू छान्नुहोस्।

#### आफ्ना मतपत्रहरू भर्नुहोस्

उपलब्ध गराइएको पेन्सिल प्रयोग गर्नुहोस् वा चाहेमा आफ्नै ल्याउनुहोस्। तपाईंलाई मद्दत चाहिए, निर्वाचन अधिकारीलाई सोध्नुहोस् — तपाईंको भोट गोप्य रहन्छ।



**थप जानकारी पछाडि छ** ⟶

# तपाईंको मत कसरी प्रभावकारी बनाउने

**संसद सभा (House of Assembly) मतपत्र**

तपाईंको मत गणना भएको सुनिश्चित गर्न, तपाईंले आफ्नो छनौटको क्रममा प्रत्येक बाकसमा नम्बर लगाउन आवश्यक छ।

1. तपाईंले आफ्नो पहिलो छनौटको रूपमा चाहेको उम्मेदवारको छेउमा रहेको बाकसमा अङ्क **1** लेख्नुहोस्।
2. तपाईंको दोस्रो रोजाईको छेउको बाकसमा अङ्क ‘2’ लेख्नुहोस्।
3. तपाईंको तेस्रो रोजाईको छेउको बाकसमा अङ्क ‘3’ लेख्नुहोस्।
4. यसरी प्रत्येक वर्गमा अङ्क नभएसम्म क्रमशः ४, ५, ६ ... लेख्न जारी राख्नुहोस्।





यदि तपाईंले गल्ती गर्नुभयो भने, चिन्ता नलिनुहोस्। गल्ती भएको ठाउँमा एक लाइन कोर्नुहोस् र यसको छेउमा सही नम्बर लेख्नुहोस्, वा निर्वाचन अधिकारीसँग नयाँ मतपत्र माग्नुहोस्।

**विधान परिषद् (Legislative Council) मतपत्र**

तपाईंले विधान परिषदको सेतो मतपत्रमा २ तरिकाले मतदान गर्न सक्नुहुने छ: बाक्लो कालो रेखाको माथि अथवा मुनि नम्बर लेखेर।


**रेखाभन्दा माथिको मतदान**

यदि तपाईंले रेखाभन्दा माथि मतदान गर्नुभयो भने, तपाईंको पहिलो रोजाई भएको समूहको छेउमा रहेको बाकसमा नम्बर ‘1’ लेख्नुहोस्। यसै गरी तपाईंले चाहेको नम्बर क्रमशः (2, 3, 4 आदि) लेख्न जारी राख्न सक्नुहुन्छ। रेखाभन्दा तल कुनै पनि नम्बर नलेख्नुहोस्।




**रखाभन्दा मुनि मतदान**

यदि तपाईंले रेखाभन्दा मुनि मतदान गर्न रोज्नुभयो भने, तपाईंले कम्तिमा 12 जना उम्मेदवारहरूलाई नम्बर दिनुपर्छ। तपाईंको पहिलो छनौट भएको उम्मेदवारको छेउमा रहेको बाकसमा नम्बर ‘1' लेख्नुहोस्, तपाईंको दोस्रो छनौटको छेउको बाकसमा ‘2’ लेख्नुहोस् र कम्तिमा 12 उम्मेदवारहरूलाई नम्बर नदिएसम्म जारी राख्नुहोस्। रेखाभन्दा माथि केही पनि नलेख्नुहोस्।




**तपाईंले मतदान गरिसकेपछि**

तपाईंले आफ्ना मतपत्रहरू भरिसकेपछि, त्यसलाई पट्याउनुहोस् र उपलब्ध गरिएको मतपत्र बाकसमा खसाल्नुहोस्।

यदि तपाईंले आफ्नो नामाङ्कन गरिएको क्षेत्रबाहिर मतदान गर्नुभएको छ वा तपाईं मौन मतदाता हुनुहुन्छ भने, आफ्ना मतपत्रहरू मतपेटिकामा खसाल्नुअघि खाममा राख्न मद्दत गर्ने निर्वाचन अधिकारीलाई फिर्ता गर्नुहोस्।

# प्रमुख निर्वाचन मिति र समय

| | |
|---|---|
| **हुलाकी मतदान आवेदन खुला:** | सोमबार 2 फेब्रुअरी 2026 |
| **मतदाता नामावली बन्द:** | शुक्रबार 27 फेब्रुअरी 2026 \| साँझ 5:00 बजे |
| **मतदाताहरूलाई हुलाकी मत पठाउने:** | मंगलबार 10 मार्च 2026 देखि |
| **अग्रिम मतदान अवधि:**<br>शनिबार 14 मार्च - शुक्रबार 20 मार्च | शनिबार 14 मार्च - शुक्रबार 20 मार्च \| बिहान 8:00 - साँझ 6:00 बजे<br>आइतबार 15 मार्च \| बन्द<br>बिहीबार 19 मार्च \| बिहान 8:00 - बेलुका 8:00 बजे |
| **टेलिफोन सहायता सहितको मतदान:**<br>शनिबार 14 मार्च - शनिबार 21 मार्च | शनिबार 14 मार्च - शनिबार 21 मार्च \| बिहान बिहान 8:00 - साँझ 6:00 बजे<br>आइतबार 15 मार्च \| बन्द<br>बिहीबार 19 मार्च \| बिहान 8:00 - बेलुका 8:00 बजे |
| **निर्वाचनको दिन:** | शनिबार 21 मार्च 2026 \| बिहान 8:00 बजे - 6:00 बजे |

## मतदान गर्ने आफ्नो योजना बनाउनुहोस्

**तपाईं कुनै पनि मतदान केन्द्रमा मतदान गर्न सक्नुहुन्छ**

**कसले भोट हाल्नु पर्छ?**

१८+ उमेरका सबै दक्षिण अस्ट्रेलियाली नागरिकहरूले राज्य चुनावमा मतदाता नामावलीमा नामाङ्कन तथा मतदान गर्नुपर्छ।

**चुनावको दिन (21 मार्च 2026) मतदान गर्न सक्नुहुन्न?**

अग्रिम मतदान गर्नुहोस् वा हुलाकी मतको लागि आवेदन दिनुहोस्। यदि तपाईं व्यक्तिगत रूपमा मतदान गर्न सक्नुहुन्न भने, तपाईं हुलाकी मतदानको लागि आवेदन दिन सक्नुहुन्छ वा टेलिफोन सहायता सहितको मतदान प्रयोग गर्न योग्य हुन सक्नुहुन्छ।

**घुम्ती मतदान सेवाहरू**

ECSA अधिकारीहरूले मतदान सेवाहरू प्रदान गर्न वृद्ध हेरचाह सुविधास्थल र केही अस्पतालहरूको भ्रमण गर्नेछन्। आदिवासी समुदायहरू लगायत दुर्गम क्षेत्रहरूमा पनि घुम्ती मतदान उपलब्ध हुने छ।

**म कुन निर्वाचन क्षेत्रमा छु?**

निर्वाचन क्षेत्रहरू परिवर्तन भएका हुनसक्छन्। आफ्नो निर्वाचन क्षेत्र जाँच गर्नुहोस्: **ecsa.sa.gov.au**

**अर्को राज्य वा विदेशमा हुनुहुन्छ?**

अग्रिम मतदान केन्द्रहरू प्रत्येक राज्य वा क्षेत्र, राजधानी शहरमा तथा चुनिएका विदेशी स्थानहरू (हङकङ, लन्डन, वेलिङ्टन) मा खुला रहने छन्।

**हुलाकबाट कसरी मतदान गर्ने?**

**Ecsa.sa.gov.au** मा हुलाकी मतको लागि आवेदन दिनुहोस् वा यदि तपाईंसँग अनलाइन पहुँच छैन भने 1300 655 232 मा फोन गर्नुहोस्।

अन्य राज्य र विदेशमा रहेका मतदाताहरूका लागि 13 मार्चको साँझ 5:00 बजे र दक्षिण अष्ट्रेलियामा रहेका मतदाताहरूका लागि 17 मार्चको साँझ 5:00 बजे आवेदनहरू बन्द हुने छन्।

उम्मेदवारहरूको पुष्टि भएपछि हुलाकी पुलिन्दाहरू पठाइन्छन्। राजनीतिक दलहरूले हुलाकी भोट आवेदनहरू वितरण गर्न सक्दैनन्।

दृष्टिविहीन, आखाँ कमजोर भएकाहरू वा हातखुट्टा अशक्त भएकाहरूका लागि टेलिफोन सहयोग सहितको मतदान (TAV)उपलब्ध छ।

सहयोगको लागि 1300 951 579 मा फोन गर्नुहोस्।

## चुनावको समयमा भ्रामक जानकारी

चुनावको समयमा, तपाईंले अनलाइनमा अविश्वसनीय वा नियोजितरूपमा प्रसारित गलत जानकारी देख्न सक्नुहुन्छ। यसबाट आफूलाई बचाउन, चुनावसँग सम्बन्धित कुनै पनि जानकारीको स्रोत सँधै जाँच गर्नुहोस् र यो भरपर्दो, अद्यावधिक तथा सुरक्षित छ भन्ने सुनिश्चित गर्नुहोस्।

विचार गर्ने समय निकाल्नुहोस्।

**स्रोत जाँच गर्नहोस्:** के यो एक विश्वसनीय मिडिया आउटलेट वा आधिकारिक सामाजिक मिडिया खाता हो?

**मिति जाँच गर्नुहोस्:** नयाँ देखिने गरी पुराना जानकारी साझा गरेको हुनसक्छ।

**यदि शंका लागेमा पुष्टि गर्नुहोस्:** गलत वा भ्रामक सामग्री सिर्जना गर्न AI ले सजिलो बनाएको छ।

State Election
MARCH 21

SA निर्वाचनको बारेमा आधिकारिक तथा भरपर्दो जानकारीको लागि, ECSA वेबसाइटमा **ecsa.sa.gov.au** मा जानुहोस्।

ecsa.sa.gov.au →